सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २५४ ♦ २०८३ साल जेष्ठ १५ शुक्रवार ♦ 29 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## आर्थिक वर्ष २०८३/८४ को बजेट शुक्रबार प्रस्तुत हुँदै, तयारी पूरा

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १४ गते, बर्दिवास**

सङ्घीय संसद् सचिवालयले आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)पेस हुने शुक्रवारको संयुक्त बैठकको तयारी पूरा गरेको छ।

सिंहदरबारस्थित नयाँ र निर्माणाधीन संसद् भवनमा हाल प्रतिनिधिसभाको बैठक सञ्चालन भइरहेको बहुउद्देश्यीय हलमा शुक्रबार दिउँसो ४ बजे संयुक्त बैठक राखिएको छ । सोही बैठकमा प्रतिनिधिसभा निर्वाचनपछिको नयाँ सरकारका अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बजेट पेस गर्नुहुनेछ।

प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरूलाई सो समय अगावै स्थान ग्रहण गर्न सूचित गरिएको छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले नयाँ भवनको प्रतिनिधिसभा कक्षमा संयुक्त बैठक चलाउने तयारी भए पनि हालसम्म ‘फिनिसिङ’ कार्य पूरा नभएकाले बहुउद्देश्यीय हलबाटै बजेट प्रस्तुती हुन लागेको बताउनुभयो।

उहाँले स्थानाभावका कारण बजेट प्रस्तुती हुने संयुक्त बैठकमा संवैधानिक निकायका पदाधिकारी, नेपाल सरकारका उच्चाधिकारी र नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिहरूलाई आमन्त्रण नगरिएको बताउनुभयो।

## ‘कांग्रेसको १५औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनु पर्छ’




**खबर दर्पण समाचारदाता**

**जेष्ठ १४ गते, जनकपुरधाम**

नेपाली कांग्रेसका पूर्वउपसभापति प्रकाशमान सिंहले पार्टीभित्रको आन्तरिक विभाजन अन्त्य गर्दै १५औं महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा अघि बढाउनुपर्ने बताएका छन्।

नेपाली कांग्रेस धनुषा-३ का क्षेत्रीय सभापति स्वर्गीय धिरेन्द्र निधिको १३औं दिनको पुण्यतिथिको अवसरमा आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै नेता सिंहले मुलुक र पार्टी दुवै चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको उल्लेख गर्दै कांग्रेस कार्यकर्ताहरू एकढिक्का हुनुपर्नेमा जोड दिए।

उनले भदौ २३ र २४ गतेको आन्दोलनपछिको राजनीतिक अवस्थाले पार्टीलाई थप जिम्मेवार बनाएको भन्दै विशेष महाधिवेशन पक्षधर र नियमित महाधिवेशन पक्षधरबीचको मनोभावना बुझेर निष्पक्ष र स्वच्छ ढंगले १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने बताए।

सिंहले हाल जारी सदस्यता अद्यावधिक प्रक्रियामाथि पनि असन्तुष्टि जनाउँदै अद्यावधिक गर्ने मात्र कांग्रेसी र नगर्ने कार्यकर्तालाई बेवास्ता गर्ने सोच उचित नभएको टिप्पणी गरे। उनले पार्टीभित्र सबैलाई समेटेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा कांग्रेस नेता कृष्ण प्रसाद सिटौलाले लोकतन्त्र, संघीयता, समावेशिता र लोकतान्त्रिक पद्धतिको रक्षाका लागि अझै संघर्ष आवश्यक रहेको बताए।

नेपाली कांग्रेस धनुषा-३ का क्षेत्रीय सभापति रामचन्द्र पजियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागी नेताहरूले कांग्रेस कमजोर हुँदा मुलुकसमेत राजनीतिक संकटतर्फ धकेलिएको धारणा राखेका थिए।

## मिटरब्याज पीडितहरूले धनुषा जिल्ला अदालत घेराउ गर्दै

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १४ गते, जनकपुरधाम**



मिटरब्याज पीडितहरूले यही जेठ १९ गते धनुषा जिल्ला अदालत घेराउ गर्ने भएका छन्। बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपाल मिथिला कमान्डले यस्तो जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै मिथिला कमान्डका इन्चार्ज मोहन महतोले अगामी मंगलवार मिथिला कमान्ड र भोजपुरा कमान्डको नेतृत्वमा शान्तिपूर्ण रूपमा धनुषा जिल्ला अदालत घेराउ गरिने बताए। उनले पीडितहरूको विगत १२ दिनदेखि आन्दोलनरत भए पनि राज्यपक्ष आफूहरूका मागप्रति राज्य गम्भीर नभएको आरोप लगाए।

उनले भने- ‘हामी विगत १२ दिनदेखि आन्दोलनमा छौँ। १२ दिनसम्म पनि पीडितहरूको कुरा सुनेका छैनन्। छलफलमा समेत मिटरब्याज धनीहरूले वास्ता गरेनन्। पीडितहरूको समस्या नसुनेको कारण अब हामी आन्दोलनलाई अगाडी बढाउँदैछौँ। हामीहरू यही जेठ १९ गतेको दिन मिथिला कमान्डको आयोजनामा धनुषा जिल्ला अदालत घेराउ गर्दैछौँ। आन्दोलनमा आठ हजारदेखि दश हजारसम्म सहभागी हुन्छौँ।’

उहाँले धनुषा जिल्ला अदालत घेराउका लागि मधेस प्रदेशभरबाट ८ देखि १० हजार पीडित सहभागी हुने बताए।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज The daily diary of the neglected ones | Radio Rupantaran 106.3 Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# एसियन गेम्स छनोट : इन्डोनेसियालाई हराउँदै नेपाल सेमिफाइनलमा

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १४ गते, बर्दिबास**




मलेसियामा जारी एसियन गेम्स छनोटमा लागातार दोस्रो जित निकाल्दै नेपाली महिला क्रिकेट टिम सेमिफाइनल प्रवेश गरेको छ।

महिला क्रिकेटको दोस्रो खेलमा नेपालले इन्डोनेसियालाई चार विकेटले हराएको हो। जितका लागि इन्डोनेसियाले दिएको एक सय १४ रनको लक्ष्य नेपालले १९ ओभर तीन बलमा ६ विकेट गुमाएर पूरा गरेको हो।

नेपालको जितमा कप्तान इन्दु बर्माले सर्वाधिक ४२ रन बनाउनुभयो। ४३ बलको सामना गर्दै उहाँले पाँच चौकाको मद्दतमा नटआउट ४२ रन बनाउनुभएको हो। सोनी पार्खिनले २९ रन बनाउनुभएको खेलमा कविता कुँवरले १४ रन जोड्नुभयो। अन्तिम समयमा आएर आएर मात्र ६ बलको सामना गर्दै सीता रानामगरले नटआउट १३ रन बनाउनुभयो। नेपालविरुद्ध कसिलो बलिङ गरेको इन्डोनेसियाका लागि सुवान्देवी र काइदे अरियानीले दुई, दुई विकेट हात पार्दा लक्ष्मी परमिथा र न्योमन मेप्रियानीले एक, एक विकेट हात पार्नुभयो।

मलेसियाको वायुमास ओभल मैदानमा बिहीबार टस जितेर पहिले ब्याटिङ गरेको इन्डोनेसियाले निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा एक सय १३ रन बनाएको थियो। इन्डोनेसियाका लागि कप्तान नि पुतु आयु नन्दा सकारिनीले अविजित ५२ रन बनाउनुभयो। यस्तै निलु केतुत वेसिका रतना देवीले २३ र नि मादे पुत्री सुवानदेवीले १३ रन बनाउनुभयो। नेपालका लागि मनिषा उपाध्यायले दुई तथा रिया शर्माले एक विकेट लिनुभयो।

यसअघि नेपालले आफ्नो पहिलो खेलमा चीनलाई १९ रनले हराएको थियो।

एसिया छनोटमा नेपाल रहेको समूह 'बी' मा चीन र इन्डोनेसिया छन्। समूहको विजेता बन्दै नेपाल सेमिफाइनल प्रवेश गरेको हो। समूह 'ए' मा हङकङ, मलेसिया र थाइल्यान्ड छन्। -एजेन्सीको सहयोगमा

# २०.२७ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीमै

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १४ गते, बर्दिबास**

गरिबी निवारण नीति, २०७६ ले सन् २१०० सम्म निरपेक्ष गरिबीको अन्त्य गर्ने र बहुआयामिक गरिबी तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य राखेको छ।

सामाजिक सुरक्षा र संरक्षणमा बढ्दै गएको सार्वजनिक लगानी, गरिबलक्षित कार्यक्रमको निरन्तरता, रेमिट्यान्स आय प्राप्त गर्ने परिवारको संख्यामा भएको वृद्धि, सामाजिक क्षेत्रका परिसूचकमा भएको सुधार लगायतको कारण गरिबीको तथ्यांकमा सुधार आएको सर्वेक्षणले जनाएको छ।

यद्यपि, सन् २०१५ को तुलनामा खासै अन्तर देखिएको छैन। सन् २०१५ मा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसंख्या २१.६ प्रतिशत रहेकोमा सन् २०२४ मा २०.२७ प्रतिशत रहेको छ। यद्यपि, बहुआयामिक गरिबीमा रहेको जनसंख्या भने घटेको छ। सन् २०१५ मा ४४.२ प्रतिशत रहेको यस्तो जनसंख्या १७.४ प्रतिशतमा झरेको छ। मानव विकास सूचकांक ०.६२२ पुगेको छ।

सर्वेक्षणअनुसार ०८२ फागुनसम्म ६४ जिल्लामा गरिब परिवार पहिचान तथा राज्य सुविधा परिचयपत्र वितरण गरिएको छ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्षको फागुनसम्म सात लाख ४५ हजार ४३५ जना बेरोजगार व्यक्ति सूचीकृत छन्। आर्थिक वर्ष ०८१/८२ मा ७३६ स्थानीय तहमा सात लाख ९७ हजार ७२५ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा ५५ हजार १५१ जनाले औसत ७१.७८ दिनको रोजगारी प्राप्त गरेका थिए। आर्थिक वर्ष ०८१/८२ मा औसत रोजगारी दिनको हिसाबले बागमती प्रदेशभित्रका स्थानीय तहले सबैभन्दा बढी ८० दिन र मधेश प्रदेशका स्थानीय तहले सबैभन्दा कम ४९.१४ दिन रोजगारी प्रदान गरेका छन्।


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**



**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस्**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |

| | |
|---|---|
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एक महिनादेखि साउदीमै छ दासको शव



**लक्ष्मी चौधरी**
**जेष्ठ १४ गते, जनकपुरधाम**

धनुषाको औरही गाउँपालिकास्थित परवाह निवासी २८ वर्षीय श्रीनारायण दासको साउदी अरबमा मृत्यु भएको एक महिना हुँदा पनि शव नेपाल ल्याउन नसकेपछि अन्तिम संस्कार हुन सकेको छैन । दासको गत वैशाख १६ गते साउदी अरबस्थित आफ्नै कोठामा झुन्डिएको अवस्थामा शव फेला परेको थियो । महिना दिन पुग्न लाग्दा पनि परिवार को सदस्यले दासको शव पाएका छैनन् । वैशाख १६ गते बिहानै दासको घरमा साउदीबाट फोन आयो र त्यो फोनले दासको मृत्यु भएको खबर दियो । घटनालगत्तै परिवारले शव नेपाल ल्याउन पहल थाले पनि हालसम्म शव ल्याउन नसकेपछि परिवारलाई पीडा थपिएको छ । वैदेशिक रोजगारीका लागि चार वर्षअघि साउदी अरब जानुभएका दास केही समयअघि बिदामा घर आउनुभएको थियो । बिदा सकेर गत मङ्सिरमा उहाँ साउदी फर्किनुभएको थियो । साउदी फर्केको करिब छ महिनामै आफ्नै कोठामा मृत अवस्थामा फेला परेको परिवार का सदस्यले जनाएका छन् ।

मृतककी पत्नी ममता दासले पतिको शव ल्याइदिए दाहसंस्कार गर्ने थियौं भनी शव ल्याउन पहल गरिदिन सरकारसँग आग्रह गर्नुभएको छ । उहाँले छिमेकीको सहयोगमा सम्बन्धित वडा कार्यालय, गाउँपालिकाको वैदेशिक रोजगार शाखामार्फत वैदेशिक रोजगार विभागसम्म आवश्यक कागजात पठाइएको जानकारीसमेत दिनुभयो । उहाँले भन्नुभयो, "शव छिट्टै नेपाल ल्याइदिए दाहसंस्कार गर्न पाउँथ्यौं ।" ममताका अनुसार साउदीस्थित नेपाली दूतावासमा कागजपत्र पुगे पनि शव नआएकोले चाँडै ल्याइदिन आग्रह गरिएको छ ।

रोजगारीमा गएका दासको अचानक मृत्युको खबरले परिवारसहित गाउँ शोकमा डुबेको छ । त्यसमा पनि महिना दिनसम्म शव नआउँदा थप पीडा थपिएको छ । मृतक दासका दुई छोरा, पत्नी र वृद्ध बुवा रहेका छन् । शव नआउँदा परिवारले अन्तिम संस्कार गर्न नपाएको मात्रै होइन, घरमा महिना दिनदेखि चुलोसमेत नबलेको स्थानीयले बताएका छन् ।

श्रीनारायणको मृत्युले परिवार माथि आर्थिक तथा मानसिक सङ्कट थपिएको छ । अब परिवार कसरी पाल्ने भन्ने चिन्ताले मृतककी पत्नीलाई थप पीडा दिएको छ । परिवारले सरकार तथा सम्बन्धित निकायसँग शव यथाशीघ्र नेपाल ल्याइदिन र आवश्यक सहयोग उपलब्ध गराइदिन आग्रहसमेत गरेका छन् ।

# एक खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात




**खबर दर्पण समाचारदाता**
**जेष्ठ १४ गते, बर्दिवास**


वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रू एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ आयात भएको छ ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधार यो नाका हुँदै रू २५ अर्ब ५३ करोड अर्थात १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको हो । जबकी गत आवको १० महिनामा भने रू एक खर्ब ५६ अर्ब १७ करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ भित्रिएको थियो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा पेट्रोलियम पदार्थहरूको आयातबाट रू ६७ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको बताउनुभयो । चालु आवको १० महिनामा रू एक खर्ब ५७ करोड मूल्य पर्ने आठ लाख ९५ हजार दुई सय ४६ किलोलिटर डिजेल आयात भएको छ । जबकी गत आवको १० महिनामा भने रू ७९ करोड ५७ करोड मूल्य पर्ने नौ लाख ८५७ किलोलिटर डिजेल आयात भएको थियो ।

रू ३५ अर्ब ७९ करोड मूल्य पर्ने तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ । गत आवको १० महिनामा भने रू ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको थियो ।

चालु आवको १० महिनामा रू २५ अर्ब ५४ करोड मूल्य पर्ने २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपिजी ग्यास आयात भएको छ । जबकी गत आवका १० महिनामा भने रू ३० अर्ब २८ करोड मूल्य पर्ने २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । रासस




औरही नगरपालिका,
महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्का घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।



-विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
-सम्बन्ध विच्छेद्को सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।



-जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

गौशाला नगरपालिका,
महोत्तरी

# जेठ १६ गते जनकपुरधाममा 'मिस मिथिलानारी नेपाल २०२६' को पहिलो अडिसन

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १४ गते, बर्दिवास**



सौन्दर्य प्रतियोगिता 'मिस मिथिलानारी नेपाल २०२६' को पहिलो अडिसन आगामी जेठ १६ गते जनकपुरधाममा आयोजना हुने भएको छ ।

मिथिला संस्कृति, भाषा र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ ।

आयोजक थर्ड आई स्टुडियोज प्रालिले 'द ब्युटी अफ मिथिला' नारासहित प्रतियोगिता सञ्चालन गर्न लागिएको जानकारी दिएको हो ।

प्रतियोगितामार्फत मिथिलाको सांस्कृतिक पहिचान संरक्षणसँगै महिलाको प्रतिभा, आत्मविश्वास र नेतृत्व क्षमताको विकासमा जोड दिइने बताइएको छ ।

आयोजक संस्थाका प्रमुख हरिश जायसवालले यो कार्यक्रम सौन्दर्य प्रतियोगिता मात्र नभई मिथिला नारीको पहिचान र सशक्तीकरणसँग जोडिएको अभियान भएको बताए ।

प्रतियोगिताका लागि अडिसन फर्म खुला भइसकेको छ भने इच्छुक सहभागीहरूले ईसेवा एपमार्फत आवेदन दिन सक्नेछन् ।

जनकपुरधामपछि काठमाडौंमा पनि अडिसन कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ ।

# नेशनल इन्जिनियर्स एसोसिएसनको मधेश प्रदेशमा नयाँ नेतृत्व

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १४ गते, बर्दिवास**

नेशनल इन्जिनियर्स एसोसिएसन नेपाल (नेअन) ले मधेश प्रदेशको ४१ सदस्यीय प्रदेश समिति पुनर्गठन गरेको छ ।

संगठन विस्तार तथा पुनर्गठन समिति-२०८३ ले नयाँ समिति घोषणा गरेको हो ।

नेअन केन्द्रीय समितिको निर्णयअनुसार ई. सुशील प्रसाद देवको संयोजकत्वमा गठित संगठन विस्तार तथा पुनर्गठन समितिले प्रदेशस्तरीय संगठनलाई थप सक्रिय र सुदृढ बनाउन नयाँ नेतृत्व चयन गरिएको जनाएको छ ।

पुनर्गठित समितिमा ई. मुकेश राज शाहलाई इन्चार्ज तथा ई. अजित कुमार मण्डललाई अध्यक्षको जिम्मेवारी दिइएको छ । वरिष्ठ उपाध्यक्षमा ई. बम शंकर यादव चयन भएका छन् ।

यस्तै, उपाध्यक्षहरूमा ई. शिव चन्द्र यादव, ई. रामाकान्त प्रसाद यादव, ई. सन्तोष यादव र ई. नरेन्द्र कुमार यादव रहेका छन् । मुख्य सचिवको जिम्मेवारी ई. अरविन्द सिंह महतोलाई दिइएको छ ।

समितिका सचिवहरूमा ई. गौरव सर्राफ, ई. आशुतोष सिंह, ई. बैद्यनाथ यादव र ई. रञ्जित साह चयन भएका छन् भने कोषाध्यक्षमा ई. सरोज पटेल तथा सह-कोषाध्यक्षमा ई. निधि सिंह मनोनीत भएका छन् ।

त्यसैगरी, विभिन्न पदमा २८ जना सदस्य चयन गरिएको एसोसिएसनले जनाएको छ ।

नवगठित समितिमा ई. पंकज देव, ई. संजीव यादव, ई. रमेश माझी, ई. विपिन गोप, ई. सन्तोष राम, ई. रञ्जित कुमार यादव, ई. प्रशान्त कुमार यादव, ई. मनोज साहलगायत रहेका छन् ।

एसोसिएसनले नवगठित समितिले संगठनको विधान, नीति तथा प्रचलित कानुनअनुसार काम गर्दै मधेश प्रदेशमा इन्जिनियरहरूको हकहित र पेशागत अधिकारका विषयमा सक्रिय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेको छ ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**भंगहा नगरपालिका, महोत्तरी**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**मिथिला नगरपालिका, धनुषा**

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,